नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०८१/८२

चलानी नं.:- ९

मितिः- २०८१/०४/३०

ने.सं. ११४४ गुंलाथ्व नवमी, बुधबार

श्री स्थानीय सरकार (सबै),

विषय: नीतिगत सिफारिसको कार्यान्वयन सम्बन्धमा।

राष्ट्रिय महिला आयोगको प.सं.०८१/८२, च.नं.४९, मिति २०८१।४।२७ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २५३ (१ )बमोजिम महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा रायहरुको तर्जुमा गरी नेपाल सरकार समक्ष पेस गर्ने संवैधानिक व्यवस्था बमोजिम आ.व. २०७९।८० मा आयोगको तर्फबाट यस मन्त्रालयलाई नीतिगत सिफारिस गरिएको थियो ।सो सिफारिसहरुको कार्यान्वयन स्थानिय सरकारसँग सम्बद्ध राख्ने भएकाले ती सिफारिसहरुको कार्यान्वयनको अवस्था उपर समीक्षा, अनुगमन तथा मूल्यांकन एवं त्यसको प्रभावकारी कार्यान्वयनको अवस्था खुलाई ३ दिन भित्र यस मन्त्रालयको सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखाको इमेल ठेगाना gesimofaganp@gmail.com मा पठाइदिनुहुन आदेशानुसार अनुरोध छ। नीतिगत सिफारिसको छायाँप्रति यसैसाथ संलग्न गरिएको छ ।

शर्मिला न्यौपाने
शाखा अधिकृत

बोधार्थ:
श्री सूचना प्रविधि शाखा, स्थानीय सरकार(सबै)लाई इमेल गर्नुहुन ।

संघिय मामिला


# राष्ट्रिय महिला आयोग

# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.nwc.gov.np


प.सं. ०८१/०८२
च.नं. ४९

मिति - २०८१/०४/२७

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४८९
दर्ता मिति:- ४।२८

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः नीतिगत सिफारिसको कार्यान्वयनको अवस्था खुलाई पठाइदिनुहुन।

प्रस्तुत विषयमा यस नेपालको संविधान २०७२ को धारा २५३(१) बमोजिम महिलाको हक हितसंग सरोकार राख्ने नीति तथा रायहरुको तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गर्ने संवैधानिक व्यवस्था बमोजिम आ.व. २०७९/०८० मा यस आयोगबाट त्यहाँ मन्त्रालय लाई सिफारिस गरिएका नीतिगत सिफारिसको छाँयाप्रति यसैसाथ संलग्न गरिएको छ। सो सम्बन्धमा हालसम्म यस आयोगबाट प्रेषित भएका नीतिगत सिफारिसहरुको कार्यान्वयनको अवस्था उपर समीक्षा, अनुगमन तथा मूल्यांकन एवं त्यसको प्रभावकारी कार्यान्वयनको अवस्था खुलाई ७ (सात) दिनभित्र यस आयोगमा प्राप्त हुनेगरी प्रेषित गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(माधवराज मरासिनी)
उपसचिव

GESI

राष्ट्रिय महिला आयोग
(seal) ...काली प्लाजा, काठमाडौं

| आव. | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाई गरिएको सिफारिसको विषय |
|---|---|
| २०७९/२०८० | • हरेक स्थानीय तह अपाङ्गमैत्री हुनुपर्ने र सेवा प्रवाहमा सहजता पुर्याउनका लागि सांकेतिक भाषा र दोभाषेको व्यवस्था गर्नुपर्ने<br>• बहुअपाङ्गता भएका महिलाहरुको लागि सामाजिक सुरक्षा भत्तामा पुनरावलोकन गर्ने<br>• निजामती सेवा लगायत सार्वजनिक सेवामा संविधानमा व्यवस्था भए अनुरुपको सकरात्मक विभेदको आधारमा आरक्षणको व्यवस्था गर्ने<br>• यौनिक तथा लैंगिक अल्पसङ्ख्यक समुदायलाई हेर्ने दृष्टिकोणगर्ने , व्यवहार र सोचमा परिवर्तन गर्न आवश्यक भएकाले विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा समेत यो विषय समावेश गर्ने र सचेतना गराउने<br>• प्रत्येक पालिकामा ५० वर्ष भन्दा कम उमेरका एकल महिलाको तथ्याङ्क यकिन गरी रोजगारीमा प्राथमिकता दिन स्थानीय तहलाई सिफारिस गर्ने<br>• घरेलु हिंसाको मुख्य कारण मादक पदार्थ सेवन भएको पाइएको हुँदा मादक पदार्थ सेवनलाई नियन्त्रणव्यवस्थापन र नियमन गर्न , आवश्यक कानुनी व्यवस्था गर्ने<br>• लैङ्गिक हिंसा तथा हानिकारक अभ्यास अन्त्यका लागि अनिवार्य पुरुष सहभागिता लागि सिफारिस गर्ने<br>• महिलालाई प्रत्यक्ष लाभ पुर्याउने हिसावले प्रदेश र स्थानीय तहले पनि लैंगिक उत्तरदायी बजेटको व्यवस्था गर्ने र भइरहेको हकमा कार्यान्वयनलाई अर्थपूर्ण बनाउने<br>• सम्पूर्ण तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गर्न लगाउने |